नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

# दैनिक विपद् बुलेटिन


२९ जेठ २०८० | बुलेटिन नं #१०८४

| घटना संख्या | मृत्यु संख्या | बेपत्ता संख्या | घाइते संख्या | अनुमानित क्षति | सडक अवरोध | चौपाया |
|---|---|---|---|---|---|---|
| १४ | १ | ० | ५ | ७६.९७३लाख | ० | ७ |


## विपद्का हाइलाइट

पछिल्लो चौबिस घण्टामा जनावर आक्रमणबाट चितवनमा १ जनाको मृत्यु भएको छ भने २ जना घाईते भएका छन् । यसैगरी आगलागीबाट पर्सा र रौतहटमा गरी २ जना र चटयाङ्गबाट म्याग्दीमा १ जना गरी ३ जना घाईते भएका छन् । यीसहित देशका विभिन्न जिल्लामा गरी ९ स्थानमा आगलागी, ३ स्थानमा जनावर आक्रमण, १ स्थानमा डढेलो र १ स्थानमा चटयाङ्ग सम्बन्धी विपद्का घटना दर्ता भएका छन् ।

### प्रदेश अनुसार मृत्यु, बेपत्ता र घाइते संख्याको बर्गीकरण




### प्रकोप अनुसार घटनाको विवरण (२४ घण्टा) नक्सामा





**मृत्यु संख्या**

सामान्य (०) मुख्य (<१०) गम्भीर (<१००) विनाशकारी (>१००)


**प्रकोप संकेत**

आगलागी जनावर आक्रमण चटयाङ्ग वन डढेँलो

## प्रकोप अनुसार घटना र मृत्यु संख्याको बर्गीकरण




## लिङ्ग अनुसार मृत्युको बर्गीकरण




## २४ घण्टामा COVID-१९ को विवरणहरु

कुल संक्रमित संख्या
४

कुल मृत्यु संख्या
०

कुल निको भएका संख्या
२

## हालसम्मको COVID-१९ को कुल तथ्याङ्क


कुल संक्रमित संख्या
१,००३,३५६

कुल सक्रिय संक्रमित संख्या
११

कुल निको भएका संख्या
९९१,३१४

कुल मृत्यु संख्या
१२,०३१


## प्रदेश अनुसार कुल संक्रमित संख्याको बर्गीकरण




| | प्रदेश न.१ | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|
| कुल संक्रमित संख्या | ० | ५३,८९४ | ५४२,८२९ | ९५,३६९ | ११०,५०५ | २४,०२३ | ४४,९५३ |


## दैनिक वर्षा र तापक्रमको सारांश

आज मिति २०८०/०२/२९ गते बिहान ०८:४५ बजे २६५ वटा वर्षा मापन केन्द्रहरु (मानव सञ्चालितः ८१ र स्वचालितः १८४) मा मापन गरिएको गत २४ घण्टाको वर्षाको विवरण अनुसार १२५ वटा केन्द्रहरुमा वर्षा भएको छ (नक्सा १)। उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा (२०५.४ मि.मि.) खोटाङ्ग जिल्लाको दिक्तेल केन्द्रमा भएको छ। वर्षा मापन गरिएका केन्द्रहरु मध्ये ६३ वटा केन्द्रहरुमा १० मि.मि. भन्दा बढी, ३७ वटा केन्द्रहरुमा २५ मि.मि. भन्दा बढी, १३ वटा केन्द्रहरुमा ५० मि.मि. भन्दा बढी, २ वटा केन्द्रहरुमा १०० मि.मि. भन्दा बढी र १ वटा केन्द्रमा २०० मि.मि. भन्दा बढी वर्षा भएको छ।





नक्सा १: जेठ २८ गते बिहान ०८:४५ बजे देखि जेठ २९ गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको वर्षा (मि. मि.)

दैनिक अधिकतम तापक्रम




नक्सा २: जेठ २७ गते साँझ ०५:४५ बजे देखि जेठ २८ गते साँझ ०५:४५ बजे सम्मको २४ घण्टाको अधिकतम तापक्रम (डिग्री सेल्सियस)

दैनिक न्यूनतम तापक्रम




नक्सा ३: जेठ २८ गते बिहान ०८:४५ बजे देखि जेठ २९ गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको न्यूनतम तापक्रम (डिग्री सेल्सियस)


**थप जानकारीको लागि**

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

पोस्ट बक्स नम्बरः २१३२१३

फोनः +९७७-१-४२११९५, +९७७-१-४२११९६

इमेलः info@bipad.gov.np

# अनुसूची १

## २०८० बैशाख १ देखि जेठ २९ गते सम्मका विपद्का प्रमुख घटनाहरुको विवरण

| प्रकोप | घटना संख्या | मृत्यु | बेपत्ता | घाइते | प्रभावित परिवार | अनुमानित आर्थिक क्षति (रु ) |
|---|---|---|---|---|---|---|
| उच्च ऊंचाई | १२ | ४ | ० | ८ | १२ | ० |
| पहिरो | १८ | २ | ० | ६ | १० | ० |
| बाढी | ६ | १ | ० | १ | ६ | १५०,००० |
| डुंगा पल्टिनु | १ | ० | १ | ० | १ | ० |
| चट्याङ्ग | ८० | ९ | ० | ७६ | १३० | ३,०९४,००० |
| सर्पदंश | ० | ० | ० | ० | ० | ० |
| आगलागी | ९०० | १३ | ० | ८९ | १,२०५ | ६०१,११०,१२५ |
| भारीवर्षा | ५ | ० | ० | ० | ५४ | ३,३५०,००० |
| अन्य गैरप्राकृतिक विपद् | ३ | २ | ० | ४ | ७ | १००,००० |
| हुरी बतास | ८८ | १ | ० | १५ | १८६ | २२,०८५,००० |
| भूकम्प | ३ | ० | ० | ० | ३ | ० |
| प्यान्डामिक फ्लू | ० | ० | ० | ० | ० | ० |
| जनावर आक्रमण | ५२ | ९ | ० | ५२ | ७८ | १,१६५,००० |
| हिमपहिरो | ४ | १२ | ० | २ | १२ | ० |
| वन डढेंलो | १२४ | ५ | ० | १२ | १७ | ७०,००० |
| हिमपात | ० | ० | ० | ० | ० | ० |
| जम्मा | १,२९६ | ५८ | १ | २६५ | १,७२१ | ६३१,१२४,१२५ |

## घटना सारांश

| क्र.स | घटना संख्या | जिल्ला | मृत्यु | बेपत्ता | घाइते | घटना विवरण | प्रतिकार्य |
|---|---|---|---|---|---|---|---|
| १ | आगलागी | झापा | ० | ० | ० | बिर्तामोड न.पा.- १० तोरिबारी टोल स्थित एक घरमा हावाहुरीसँगै परेको चट्याङ्ग बिजुलीको मीटर बक्समा क्षति पुग्नुका साथै गोठमा रहेको १ वटा गाईको समेत मृत्यु । | अस्थाई प्रहरी पोष्ट सैनिकबजारको टोली खटिई गएको । |
| २ | आगलागी | रौतहट | ० | ० | ० | देवाही गोनाही न.पा.- ५ टिकुलिया टोल स्थित लालबकैया नदीको बिचमा राखेको अ.६४० खरको बोझामा अचानक आगलागी। | नेपाल प्रहरी र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| ३ | जनावर आक्रमण | चितवन | ० | ० | १ | भरतपुर म.न.पा.- २२ पटिहानी बस्ने १ जना पुरुष राप्ती खोलामा नुहाउने क्रममा अचानक गोहीले आक्रमण गर्दा घाईते । | - |
| ४ | आगलागी | रौतहट | ० | ० | १ | गौर न.पा.- ४ टिकुलिया स्थित एक गोठघरमा अचानक आगलागी हुँदा १ जना महिला घाईते, ६ वटा बाखाको समेत मृत्यु भई ७ लाख रुपैंया बराबरको क्षति । | नेपाल प्रहरी, दमकल र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| ५ | चट्याङ्ग | म्याग्दी | ० | ० | १ | मालिका गा.पा.- ५ देविस्थान पन्थो बस्ने १ जना पुरुष गोठमा जाने क्रममा अचानक चट्याङ्गको झिल्काले लागि घाईते । | - |
| ६ | आगलागी | पर्सा | ० | ० | १ | बिरगंज म.न.पा.- १६ मिथिला नगर स्थित एक घरमा ग्यास लिक भई आगलागी हुँदा २ लाख रुपैंया बराबरको क्षति, आगो निभाउने क्रममा १ जना पुरुष घाईते । | नेपाल प्रहरी, दमकल र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | जनावर आक्रमण | चितवन | १ | ० | ० | भरतपुर म.न.पा.- २५ का १ जना पुरुष हरियाली सामुदायिक वनमा निउरो टिप्ने क्रममा अचानक गैंडाले आक्रमण गर्दा निजको घटनास्थलमा नै मृत्यु । | ई.प्र.का. गितानगरको टोली खटिई गएको । |
| ८ | आगलागी | धादिङ्ग | ० | ० | ० | नीलकण्ठ न.पा.- १० ढोडेनि स्थित एक घरगोठ र धन्सारमा अचानक विद्युत सर्ट भई आगलागी हुँदा घरगोठ पूर्णरुपमा र धन्सार आंशिक रुपमा जली ५ लाख रुपैंया बराबरको क्षति । | ई.प्र.का.सल्यान्टारको टोली खटिई गएको । |
| ९ | आगलागी | सिराहा | ० | ० | ० | कल्याणपुर न.पा.- १२ बेल्हा बजार स्थित एक कुखुरा पसल, घुम्ती किराना पसल, चिया पसल र पान पसलमा आगलागी हुँदा ८ लाख १५ हजार ६ सय रुपैंया बराबरको क्षति । | नेपाल प्रहरी, सशस्त्र प्रहरी, दमकल र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| १० | आगलागी | भक्तपुर | ० | ० | ० | मध्यपुरठिमी न.पा.- ४ नयाँ ठिमी चाणक्य कलेज नजिक रहेको न्यू ईन्टरप्राईजेसमा अचानक आगलागी हुँदा ४८ लाख रुपैंया बराबरको क्षति । | नेपाल प्रहरी, दमकल र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| ११ | आगलागी | धनुषा | ० | ० | ० | धनुषाधाम न.पा.- ६ हरिपुर स्थित एक घरमा अचानक आगलागी हुँदा घर पूर्णरुपमा जली ४ लाख रुपैंया बराबरको क्षति । | नेपाल प्रहरी, दमकल र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| १२ | जनावर आक्रमण | चितवन | ० | ० | १ | भरतपुर म.न.पा.- २२ बस्ने १ जना पुरुष रत्ननगर न.पा-.६ स्थित राप्ती खोलामा माछा मार्ने क्रममा एक्कासी गोहीले आक्रमण गर्दा गम्भिर घाईते । | प्र.चौ.बछौलीको टोली खटिई गएको । |
| १३ | वन डढेंलो | रुकुम पश्चिम | ० | ० | ० | आठबिसकोट न.पा.- ३ बासखोला राष्ट्रिय वनमा आगलागी । | नेपाल प्रहरी र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| १४ | आगलागी | कन्चनपुर | ० | ० | ० | भीमदत्त न.पा.- ४ मालपोत कार्यालय अगाडि रहेको भू-सेवा केन्द्रको पसलमा विद्युत सर्ट भई आगलागी हुँदा उक्त आगो नजिकैको रेखा फोटो स्टुडियोमा समेत सल्किई २ लाख ८१ हजार ७ सय रुपैंया बराबरको क्षति । | नेपाल प्रहरी, दमकल र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| जम्मा | १४ | ११ | १ | ० | ५ | | |

## २४ घण्टामा विपद्को विवरण

| घटना संख्या | मृत्यु संख्या | बेपत्ता संख्या | घाइते संख्या | अनुमानित क्षति | सडक अवरोध | चौपाया |
|---|---|---|---|---|---|---|
| १४ | १ | ० | ५ | ७,६९७,३०० | ० | ७ |

## प्रदेश अनुसार मृत्यु, बेपत्ता र घाइते संख्याको बर्गीकरण

| | बागमती | गण्डकी | कर्णाली | लुम्बिनी | प्रदेश न.१ | मधेश | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|
| मृत्यु संख्या | १ | ० | ० | ० | ० | ० | ० |
| हराइरहेको संख्या | ० | ० | ० | ० | ० | ० | ० |
| घाइतेको संख्या | २ | १ | ० | ० | ० | २ | ० |

## लिङ्ग अनुसार मृत्युको बर्गीकरण

| पुरुष | महिला | पहिचान नभएको |
|---|---|---|
| १ | ० | ० |

## २४ घण्टामा COVID-१९ को विवरण

| संक्रमित संख्या | महिला संक्रमित संख्या | पुरुष संक्रमित संख्या | मृत्यु संख्या | निको भएका संख्या |
|---|---|---|---|---|
| ४ | ० | ० | ० | २ |

## हालसम्मको कुल तथ्याङ्क

| कुल संक्रमित संख्या | कुल सक्रिय संक्रमित संख्या | कुल निको भएका संख्या | कुल मृत्यु संख्या |
|---|---|---|---|
| १,००३,३५६ | ११ | ९९१,३१४ | १२,०३१ |

## प्रदेश अनुसार हालसम्मको कुल तथ्याङ्क

| | प्रदेश न.१ | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|
| कुल संक्रमित संख्या | ० | ५३,८९४ | ५४२,८२९ | ९५,३६९ | ११०,५०५ | २४,०२३ | ४४,९५३ |